सरुमारानी गाउँपालिका

# मासिक ई-बुलेटीन

अकं १९ संवत २०८१ साल पौष ०२ गते https://sarumaranimun.gov.np

## अभिमुखिकरण कार्यक्रम सम्पन्न



विपद् संवेदनशील भू-उपयोग योजना तर्जुमा तथा जोखिम न्यूनिककरण सम्बन्धी अभिमुखी करण कार्यक्रम सरुमारानी गाउँपालिकामा मिति २०८१।०८।०९ गते सम्पन्न भएको छ। सरुमारानी गाउँपालिका काउपाध्यक्ष बसन्ता खड्का ज्यूको अध्यक्षता, प्रमुख प्रशासकीय अधिकृत देविराम पाठकको आतिथ्यतामा, कार्यपालिका सदस्यहरू, शाखा प्रमुखहरूको उपस्थितिमा कार्यक्रम संचालन गरिएको थियो ।कार्यक्रमको सहजीकरण CSRC का GSI अफिसर सविन नेपालले गर्नु भएको थियो ।



# गाउँपालिकाको दोस्रो गाउँसभाको १६ औं अधिवेशन सम्पन्न

सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्मा ज्यूको अध्यक्षतामा सरूमारानी गाउँपालिकाका दोस्रो गाउँ सभाको १६ औं अधिवेशनको पहिलो बैठक मिति २०८१-०८-१४ गते सम्पन्न भएको छ ।आ.व.२०८०/०८१ को प्रारम्भिक लेखा परिक्षण प्रतिवेदन उपर तथा विविध विषयमा छलफल गरि बैठक सम्पन्न भएको थियो ।









# ३३ औं अन्तराष्ट्रिय अपाङ्गता दिवश कार्यक्रम सम्पन्न




आज मिति २०८१/०८/१८ गते सरुमारानी गाउँपालिकाको आयोजनामा ३३ औं अन्तराष्ट्रिय अपाङ्गता दिवस "समावेशी तथा दिगो भबिष्यको पुर्वाधार अपांगता भएका ब्यक्तिहरुको प्रबल नेतृत्व यसको आधार "भन्ने राष्ट्रिय नारा का साथ पालिका स्तरीय अपाङ्गता संजालका अध्यक्ष श्री खुपिराम ठेड ज्यू को अध्यक्षता र गाउँपालिका उपाध्यक्ष बसन्ता खड्का ज्युको अतिथ्यतामा अपांगता भएका ब्यक्तिहरुसङ्ग अन्तरक्रिया कार्यक्रम गरि  मनाइएको छ ।



## बाख्रापालन सम्बन्धी तालिम सम्पन्न

सरुमारानी गाउँपालिका बड्डाँडा प्यूठानको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत किसान संग गाउँ सरकार कार्यक्रम अन्तर्गत ६ वटै वडाका २१ जना बाख्रापालक कृषकहरूको सहभागीतामा ३ दिने स्थलगत बाख्रापालन सम्बन्धि तालिम सरूमारानी कृषि तथा पशुपन्छी विकास स्रोत केन्द्र सरुमारानी-१ औलेनीमा मिति २०८१/०८/१६ देखि २०८१/०८/१८ संचालन भै समापन भएको थियो।






## च्याउ खेती सम्बन्धी तालिम सम्पन्न

सरुमारानी गाँउपालिकाको आ. व २०८१/०८२ को किसान सँग गाउँ सरकार कार्यक्रम अन्तर्गत युवा लक्षित कृषि सम्बन्धी तालिम कार्यक्रम अनुसार मिति २०८१-०८-१६ गते देखि २०८१-०८-१८ सम्म कन्ये च्याउ खेती प्रविधि सम्बन्धी तालिम सरुमारानी कृषि तथा पशुपन्क्षी विकास श्रोत केन्द्रमा गाँउपालिकाका सम्पुर्ण वडाका अगुवा कृषकहरुको सहभागितामा सम्पन्न भएको छ।





# प्रथम चौमासिक सार्वजनि सुनुवाई कार्यक्रम सम्पन्न




सरूमारानी गाउँपालिकाको आ.व.०८१/०८२ को प्रथम चौमासिक सार्बजनिक सुनुवाइ कार्यक्रम मिति २०८१।०८।२० गते सरूमारानी गाउँपालिकामा सम्पन्न भएको छ ।सरूमारानी गाउँपालिकाको आयोजनामा र झुलेनी मिडिया प्रा.लि. प्युठानको सहजिकरणमा गाँउपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा,गाउँपालिकाका उपाध्यक्ष बसन्ता खडका, प्रमुख प्रशासकिय अधिकृत श्री देविराम पाठक ,राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरूको आतिथ्यतामा,वडा अध्यक्ष कार्यपालिका सदस्य तथा जनप्रतिनिधिहरू,विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरू ,प्रहरी र आम नागरिकहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।कार्यक्रमको प्रगति प्रतिवेदन प्रस्तुत प्रशासन शाखा प्रमुख श्री लक्ष्मण आचार्यले गर्नु भएको थियो ।साथै सार्बजनिक सुनुवाइ कार्यक्रम गर्नु पुर्ब विभिन्न वस्तीमा पुगी झुलेनी मिडिया प्रा.लि.ले नागरिकहरू संग लिएको बहिर्गमन अभिमत (Exit Poll) र नागरिक प्रतिबेदन (Citizen Report Card ) बाट आएका सवालहरूको जवाफ प्रमुख प्रशासकिय अधिकृत र गाउँपालिका अध्यक्षले दिनु भएको थियो ।





## २१ औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य कार्यक्रम सम्पन्न

सरुमारानी गाउँपालिकामा आज २०८१ मंसिर २० गते बिहीबार एक समारोहका बीच २१ औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस भव्य रूपमा मनाइएको छ । कार्यक्रममा सामाजिक विकास समितिका संयोजक तथा ३ नं वडा अध्यक्ष भिम बहादुर मर्साङ्गी ज्युको अध्यक्षता एवं सरुमारानी गाउँपालिकाका अध्यक्ष झग बहादुर विश्वकर्मा ज्यूको प्रमुख आतिथ्यता, प्रमुख प्रशासकीय अधिकृत देविराम पाठक ज्यूको विशेष आतिथ्यता तथा गाउँपालिका प्रवक्ता चिन्त बहादुर सोमै मगर, वडा अध्यक्ष कार्यपालिका सदस्य,अन्य जनप्रतिनिधि, स्वास्थ्य संस्था प्रमुख, स्वास्थ्यकर्मी, गाउँपालिका कर्मचारी समेतको सहभागितामा सम्पन्न भएको थियो । "विविध स्वास्थ्य क्रियाकलापहरूमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाहरूको भूमिका, स्वस्थ समाज निर्माणमा सहभागिता" भन्ने मुल नारासहित मनाइएको उक्त कार्यक्रममा प्लेकार्ड र स्वास्थ्य सन्देशमुलुक सन्देश सहित सरुमारानी बजार परिक्रमा गरी गाउँपालिकामा औपचारिक कार्यक्रममा सबै वडाबाट १/१ जना गरि ६ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई पुरस्कृत सहित सम्मान एवं सम्पूर्ण ३४ जना स्वयंसेविकालाई समुदायमा निःस्वार्थ सेवाको उल्लेखनीय योगदान को प्रसंशा सहित प्रमाणपत्र प्रदान गरिएको थियो !!!



# लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान सम्पन्न




लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सम्पन्न: Towards 30 years of the Beijing Declarations and platform for action : UNITE to End violence against women भन्ने अन्तर्राष्ट्रिय नारा तथा हामी सबैको प्रतिबद्धता: लैङ्गिक हिंसा अन्त्यका लागि एक्यवद्धता "भन्ने राष्ट्रिय नाराका साथ ३३ औं लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत सरुमारानी गाउँपालिकाले सरुमारानी गाउँपालिका का ६ वटै वडाका विभिन्न वस्ती तथा टोलमा अन्तरक्रिया तथा विविध कार्यक्रम गरि मनाएको छ ।लैङ्गिक रूपमा हुने हिंसा नियन्त्रणको लागि विश्वव्यापी अभियानको रूपमा लिइने यो दिवस मंसिर १० देखि शुरु भई मंसिर २५ गते सम्पन्न गरिएको थियो ।



सम्पर्क नं:

अध्यक्षः झग बहादुर विश्वकर्मा (९८४७९६१३५९)

उपाध्यक्षः बसन्ता खड्का (९८४४९१८५८४)

प्रमुख प्रशासकीय अधिकृतः देविराम पाठक (९८५७८३६०२२)

सूचना अधिकारीः शिव राज न्यौपाने (९८५७८६८०२७)

**प्रकाशकः**

**सरुमारानी गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**बड्डाँडा,प्यूठान ।**

**facebook: https://www.facebook.com/SarumaraniGapa**
**website:sarumaranimun.gov.np**
**email:sarumarani2073@gmail.com**
**phone no:9857836022**